जङ्गली च्याउहरू विषालु
पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान
गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ
खाने गरौं ।
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक
पढ्न चाहनुहुन्छ भने लग
अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ०४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 20 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२०

## दुग्धेश्वर महादेवको मेला शुरू

# पर्सा राष्ट्रिय निकुञ्जमा लाग्ने मेला हेर्न श्रद्धालुको ओइरो

प्रस, परवानीपुर, ३ साउन/

पर्साको धार्मिक पर्यटकीय स्थलको रूपमा चिनिने दुग्धेश्वर महादेव मन्दिरमा साउन १ गतेदेखि औपचारिकरूपमा मेला शुभारम्भ भएको छ। यस वर्ष दुई मासको साउन लागे तापनि प्रारम्भिक चरणमा पर्सा राष्ट्रिय निकुञ्जले मन्दिर प्रवेश एवं दर्शन गर्न एक महीनाको लागि मात्र मेला लगाउन स्वीकृति दिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले बताए ।



दुग्धेश्वर महादेव मन्दिरमा जल अर्पण गर्दै । तस्वीरः राधेश्याम पटेल

श्रद्धालुहरूको भीडभाड लागिरह्यो र मेला दुई महीना लम्बिने अवस्था देखिएमा स्वीकृतिको एक महीनाको समयावधिलाई दुई महीना गर्न सकिने बताए । पर्सा राष्ट्रिय निकुञ्जको कोर एरियामा पर्ने भएकोले वैशाख, साउन, र माघ गरी तीनपटक उक्त मन्दिरमा प्रवेश निश्शुल्क गर्ने गरिएको छ र सोही समयमा रामभौरीभाटामा मेला लाग्ने गरेको मेला समितिका अध्यक्ष गगनदेव पटेलले बताए ।

उनले मेलामा सोमवार, शुक्रवार र शनिवार गरी तीन दिन बढी भीड हुने गरेको र अन्य दिन सामान्य भीड रहने गरेको बताए । मन्दिर निर्माण समितिका अध्यक्ष अलखदेवप्रसाद चौधरीका अनुसार पोहोर मन्दिर दर्शनको लागि चढ्ने र उत्रिने एउटै भऱ्याङ रहेकोमा यस वर्ष चढ्ने र ओर्लिने थप एक बाटो बनाइएको कारण मन्दिर दर्शनमा सहजता हुने बताए ।

सोमवारका दिन ५० हजारभन्दा बढी श्रद्धालुको सहभागिता हुने मेलामा मन्दिरमा दिनकै रु एक लाखभन्दा बढीको भेटी चढ्ने गरेको र सोही भेटीको रकमबाट मन्दिरको पूर्वाधार, बाटो, धर्मशाला, पुजारी व्यवस्थापनलगायतका खर्च बेहोर्ने गरिएको मेला समितिले जनाएको छ ।





मन्दिरमा जाने नयाँ बाटो







जङ्गलको बाटो, धर्मशाला र भोजन पकाउँदै । तस्वीरः प्रतीक

साउनमा लाग्ने यो मेलामा हरेक सोमवारका दिन आफ्नो व्यक्तिगत खर्च एवं सामूहिक चन्दाबाट उठाइएको खाद्यान्नले मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनको लागि निश्शुल्क भोजन (भण्डारा)को व्यवस्था हुने गरेको छ । विन्ध्यवासिनीका शिवपूजन कलवार, वीरगंज आदर्शनगरका शारदाशङ्कर कलवार, वीरगंज-१ बजार छपकैयाका शिवकुमार गुप्तालगायतको समूहले निश्शुल्क भोजन (भण्डारा) चलाउने गरेको छ ।

मेला व्यवस्थापनको लागि मेला समिति र निर्माण समितिले पटेर्वासुगौली गाउँपालिका-१ सोनवर्षादेखि करीब ११ किलोमिटर दूरीमा रहेको मन्दिर परिसरसम्मै पक्की बाटो निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । साथै खानेपानी एवं बिजुली, चर्पीसहितको सुविधासम्पन्न धर्मशालालगायतका भौतिक संरचना निर्माण गर्दा उक्त स्थानमा आवागमन सहज हुने आशा रहेको छ। तर निकुञ्ज प्रशासनले सो क्षेत्रमा पक्की काम गर्न र मेला लगाउँदा वन्यजन्तुको वासस्थानमा खलल पुग्ने भएकोले निर्माण एवं मेला समितिको कामलाई नियन्त्रण गर्दै आएको छ ।

भाटा खोलाको पानी खाएपछि पाचन प्रणाली तेज हुने श्रद्धालु भक्तजनहरूको विश्वास रहेकाले उक्त मेलामा दाल, भात, तरकारी, खाजा त्यही खोलाको पानीले बन्ने, श्रद्धालु भक्तजनहरूले त्यही पानी पिउने र उपयोग गर्ने गर्छन्। उक्त मेलामा तीन सयदेखि पाँच सयवटा स्टल राखिएका छन् ।

## क्लासिक होटलमा महानगरको डोजर चल्यो

प्रस, वीरगंज, ३ साउन/

वीरगंज महानगरपालिकाले मुख्य नालामाथि निर्माण गरिएका संरचना हटाउने क्रममा बुधवार आदर्शनगरस्थित क्लासिक होटललाई डोजर लगाएर तोडफोड गरेको छ।

जिल्ला हुलाक कार्यालय, पर्सादेखि मुख्य नाला सफाइ गर्दै आएको महानगरले नाला अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउने क्रममा हिजो होटल क्लासिकमा डोजर चलाउन खोज्दा विवाद भएको थियो। विवादको क्रममा जग्गाधनी सफाकत अलिले बुबाले तत्कालीन आदर्शनगर निर्माण समितिबाट पुलमाथिको जग्गा खरीद गरेको बताए। उनले पुलमाथिको जग्गा तत्कालीन नगरपञ्चायतले सूचना जारी गरी बिक्री गरेको र बुबाले २०२६ सालमा नगरपञ्चायतसँग खरीद गरेर मालपोतबाट २०३१ सालमा रजिस्ट्रेशन पास गराएको जग्गा भएको प्रमाण देखाएका थिए ।

आज महानगरपालिकाले क्लासिक होटलमा सार्वजनिक सूचना टाँस गर्दै साँझ साढे पाँच बजेसम्म संरचना हटाउन समयसीमा प्रदान गरेको थियो । सो समयसीमालाई बढाएर साढे सात बजेसम्म समय दिएकोमा संरचना खाली नगरिएपछि महानगरका तीनवटा डोजरले होटल संरचनाको अग्रभाग तोडफोड शुरू गरेको थियो। तोडफोडको क्रममा जनपद र सशस्त्र प्रहरी तैनाथ थिए भने एम्बुलेन्स पनि तयारी अवस्थामा राखिएको थियो।

होटल क्लासिकअगाडि रहेको कर्पोरेट बैंक रहेको मुख्य नालामाथिको भवन खाली गराउन महानगरका प्रतिनिधि जाँदा बैंक कर्मचारीहरू शुक्रवारसम्मको समय माग गरेपछि महानगर प्रतिनिधिहरूले सो समयावधि प्रदान गरेका थिए ।

# दुबईमा मासिक १५ लाख कमाउने पर्साका इन्जिनीयर

राधेश्याम पटेल, परवानीपुर, ३ साउन/

नेपालमा रोजगार पाइँदैन भन्ने सोचले गर्दा आजकलका युवाहरू नागरिकता र पासपोर्ट बनाउँदै भटाभट वैदेशिक रोजगारमा गइरहेका छन्।

कोही खाडी मुलुक, कोही युरोप, अमेरिका तर भाग्य कसै-कसैको मात्र चम्किने गर्छ। वैदेशिक रोजगारमा गएका नेपालीहरूमध्ये भाग्य चम्केका एकजना युवक हुन्- पर्साका अफजल हुसेन । सखुवाप्रसौनी गाउँपालिका-३ कटैया देउरवानाका ५० वर्षीय अफजल २२ वर्षदेखि वैदेशिक रोजगारमा छन्। २२ वर्षको अवधिमा हालसम्म ३५ देखि ४० करोडसम्म सम्पत्ति आर्जन गरेको उनको भनाइ छ।



सखुवाप्रसौनी गाउँपालिका-३ कटैया देउरवानाका अफजल । तस्वीरः प्रतीक

पेशाले मेकानिकल इन्जिनीयर अफजल हाल जर्मन कम्पनी सिमेन्सको दुबईस्थित शाखामा सिनियर एक्स्पर्टको रूपमा कार्यरत छन्। ग्याँस टर्बाइनको मेशिन उत्पादन गर्ने कारखानाका विज्ञको रूपमा चिनिने अफजललाई जर्मनीको बर्लिनमा रहेको मुख्यालयले एशिया र युरोपलगायत विभिन्न देशमा पठाउने गर्छ। कम्पनीलाई जहाँ-जहाँ उनको आवश्यकता महसूस हुन्छ, उनी त्यहाँ गएर समस्या समाधान गर्छन् र फेरि दुबई फर्किन्छन्।

अफजल एक महीनाको बिदामा नेपाल आएका छन् । बकरीद मनाउन नेपाल आएका अफजलले वैदेशिक रोजगारले भाग्य चम्केको तर यसमा निकै चुनौती र जोखिम रहेकोसमेत औंल्याए। मध्यमवर्गीय किसान परिवारको छोरा अफजलले आज करोडौंको सम्पत्ति आर्जन गर्दा आफूलाई गर्व लागे तापनि नेपाली दाजुभाइहरूले विदेशमा चुहाइरहेको पसिना देखेर कहिलेकाहीं रुन मन लाग्ने गरेको पनि बताए। "विनासीप र विज्ञताबेगर विदेश जानुहुँदैन। लेबरको रूपमा गयो भने कुनै मूल्य छैन। दाल, भात, तरकारी मात्र परिवारलाई खुवाएर विदेशबाट फर्किन्छन्," उनले भने।

२०२९ सालमा जन्मेका अफजलले कक्षा ३ सम्मको पढाइ कटेया प्राविमा गरेका थिए भने कक्षा ९ सम्मको अध्ययन औराहा मावि श्रीपुर पंचगावाँबाट सक्याएर २०४६ सालमा पोखरिया माविबाट एसएलसी उत्तीर्ण गरेका थिए। २०५० सालमा ठाकुर राम बहुमुखी क्याम्पसबाट आइएस्सी पढेर इन्जिनीयरिङ पढ्न काठमाडौं चहार्न थाले तर बुबासँग पढाइको लागि खर्च नभएकोले उनले स्नातक इन्जिनीयरको पढाइ केही समय गर्न सकेनन्।

काश्मीरी मस्जिदमा पाकिस्तानी

(बाँकी पाँचौं पातामा)

# ड्राइपोर्ट भन्सारद्वारा ४२ अर्ब राजस्व सङ्कलन, लक्ष्यको ६२.८८ प्रतिशत

प्रस, वीरगंज, ३ साउन/

वीरगंज-२५ श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय (ड्राइपोर्ट)ले गत आव २०७९/८० को १२ महीनामा लक्ष्यको ६२.८८ प्रतिशत अर्थात् ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार राजस्व सङ्कलन गरेको छ ।

यस भन्सार कार्यालयले १२ महीनामा नेपाल सरकारबाट ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन लक्ष्य पाएको थियो। सबैभन्दा बढी साउन महीनामा राजस्व सङ्कलन गरेको छ भने सबैभन्दा कम असारमा राजस्व सङ्कलन भएको देखिएको छ। बन्दरगाह भन्सार कार्यालयले साउनमा चार अर्ब १४ करोड ३८ लाख ७२ हजार लक्ष्य पाएकोमा ८७.३२ प्रतिशत अर्थात् तीन अर्ब ६१ करोड ८५ लाख दुई हजार, भदौमा पाँच अर्ब ३८ करोड ६१ लाख ३० हजार लक्ष्य पाएकोमा ७३.९६ प्रतिशत अर्थात् तीन अर्ब ९८ करोड ३७ लाख ३२ हजार, असोजमा पाँच अर्ब ७५ करोड ६० लाख ६१ हजार राजस्व लक्ष्य पाएकोमा ५८.३३ प्रतिशत तीन अर्ब ३५ करोड ७६ लाख आठ हजार राजस्व सङ्कलन गरेको छ।

यसैगरी, कात्तिकमा पाँच अर्ब ३९ करोड ५९ लाख ७५ हजार लक्ष्य पाएकोमा ६७.७२ प्रतिशत अर्थात् तीन अर्ब ६५ करोड ४० लाख २२ हजार, मङ्सिरमा पाँच अर्ब ५१ करोड ४२ लाख ३८ हजार लक्ष्य पाएकोमा ६४.९३ प्रतिशत अर्थात् तीन अर्ब ५८ करोड पाँच लाख ७१ हजार राजस्व सङ्कलन भएको छ भने पुसमा पाँच अर्ब ८३ करोड ७५ लाख ५१ हजार लक्ष्य पाएकोमा सो भन्सार कार्यालयले ५६.९३ प्रतिशत अर्थात् तीन अर्ब ३२ करोड ३५ लाख ९१ हजार राजस्व सङ्कलन गरेको छ। साथै माघमा पाँच अर्ब ८० करोड २३ लाख ९९ हजार लक्ष्य पाएकोमा ६३.५४ प्रतिशत अर्थात् तीन अर्ब ६८ करोड ७० लाख ५६ हजार राजस्व सङ्कलन भएको बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी एवं कर अधिकृत सन्तोष न्यौपानेले जानकारी गराए।



तस्वीरः फाइल

त्यसैगरी, फागुन महीनामा उक्त भन्सार कार्यालयले पाँच अर्ब ९९ करोड ७० लाख ३१ हजार राजस्व लक्ष्य पाएकोमा ५७.६५ प्रतिशत तीन अर्ब ४५ करोड ७३ लाख ८५ हजार, चैतमा पाँच अर्ब ५९ करोड ३३ लाख २५ हजार राजस्व लक्ष्य पाएकोमा ५७.६७ प्रतिशत तीन अर्ब २२ करोड ५५ लाख ६९ हजार राजस्व सङ्कलन भएको छ भने वैशाखमा पाँच अर्ब ८६ करोड ४४ लाख २५ हजार लक्ष्य पाएकोमा ५५.७५ प्रतिशत अर्थात्

(बाँकी पाँचौं पातामा)

**विचारसार एवं सूक्तिहरू**

**मित्र नै हुन् जसले हालचाल सोध्छन्। सन्तानले वसियत सोध्छ र नातेदारहरू हैसियत सोध्छन्।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## महानगरको कदम गलत

**मुख्य नाला सफाइ अभियान सञ्चालन गरेको वीरगंज महानगरपालिका कार्यालयले अहिले नाला अतिक्रमित क्षेत्र खाली गराउँदैछ। जिल्ला हुलाक कार्यालयअगाडिदेखि मुख्य नाला श्रीसिया नदीसम्म पुगेर समापन हुन्छ। यो क्रममा ठाउँ–ठाउँमा नाला अतिक्रमण भएको छ। हुलाकअगाडिदेखिको मुख्य नाला दश फिटको हो भने पशुपतिनगर टाउन प्लानिङले २०२५ सालतिर बनाएको टाउन प्लानिङ नक्शा अनुसार वीरगंज जेसीज भवन अर्थात् गीतामन्दिरअगाडिदेखि हरि खेतान बहुमुखी क्याम्पससम्मको नाला ४० फिटको हो। पशुपतिनगर तत्कालीन पशुपति घोषको नाममा तत्कालीन राजा महेन्द्र वीर विक्रम शाहदेवले नामकरण गरेका थिए। पछि पशुपतिनगर आदर्शनगरमा परिणत भएको हो। तत्कालीन पशुपतिनगर टाउन प्लानिङ अन्तर्गत भएका कार्यको अहिलेसम्म नगरपञ्चायत, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले दायित्वबोध गर्दै आएको छ। सो क्षेत्रमा टाउन प्लानिङ अन्तर्गतका जग्गाहरूको कुत लिने, घरनक्शा पास गर्ने र अहिले सम्पत्तिकर, व्यवसाय कर, घरबहाल कर आदि महानगरपालिकाले उठाउँदै आएको छ।**

**त्यतिखेरको टाउन प्लानिङको सक्कल प्रति अहिले महानगरपालिकासँग उपलब्ध छैन र छायाकपीको आधारमा सो क्षेत्रको कारोबार गर्दै आएको छ। पशुपतिनगर टाउन प्लानिङ अन्तर्गत नै हाल वीरगंज महानगरपालिकाको आदर्शनगरमा रहेको क्लासिक होटल र कर्पोरेट बैंक भवन हो। तत्कालीन पशुपतिनगर टाउन प्लानिङले सूचना जारी गरी बोलकबोलको आधारमा नालामाथिको क्षेत्र बिक्री गरेको थियो र सोही नालामाथिको क्षेत्रमा जग्गाधनीहरूले तत्कालीन नगरपञ्चायतबाट नक्शापास गराएर भवन ठड्याएको यथार्थ कुरा हो। मुख्य नालामाथि बनाइएका अन्य स्थानका संरचनाहरू अवैध हुन् यसमा दुईमत छैन। किनभने उनीहरूले नाला अतिक्रमित गरे अनि नक्शापास पनि गराएका छैनन्। न त जग्गाको वैधता छ, न त्यसमा बनाइएका भवन, पर्खाल आदिको नक्शापास नै छ। अवैध संरचना भत्काउने अधिकार महानगरपालिकालाई छ। तर त्यसको बहानामा वैध संरचना हटाउने अधिकार महानगरपालिकालाई छैन। कानून सबैको लागि बराबर हुनुपर्छ। पशुपतिनगर टाउन प्लानिङको दायित्व बोकेको महानगरपालिकाले त्यत्तिखेर बिक्री गरेका अन्य प्लटहरूलाई जसरी वैधता प्रदान गरेको छ, त्यसरी नै नालामाथिका क्षेत्रलाई पनि वैधता प्रदान गर्नुपर्छ। हैन भने महानगरपालिकालाई मुख्य नाला सफाइ अभियानमा सम्बन्धित जग्गाधनीको सहयोग लिएर काम गर्नुपर्छ।**

**महानगरपालिकाको मुख्य नाला सफाइ अभियानलाई सबैले प्रशंसा गरेका छन् तर त्यसको आडमा महानगरपालिकाले नै गैरकानूनी बाटो अख्तियार गर्दा अहिले आलोचित बन्नुपरेको छ। नालामाथिको संरचना अवैध होइन र त्यो सार्वजनिक, ऐलानी, पर्ती पनि होइन, जसमा महानगरपालिकाले आफ्नो हकदाबी गर्न पाउँछ। नालामाथिको क्षेत्र महानगरले बिक्री [redacted] गरिदिएको र ५० वर्षदेखि सो [redacted] हकदाबी रहँदै आएकोमा कानूनी [redacted] बिक्री र भोगको निस्सा दिएको [redacted] नियम कानूनलाई ठाडो तिलाञ्जलि [redacted] आफ्नो गलती स्वीकारेर कानूनी [redacted] खोज्नु उत्तम हुन्छ।**

# हाम्रो विदेशिने क्षमता कति हो ?

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**अहिलेसम्मको तथ्याङ्कमा अध्ययनको लागि र कामको लागि गरी दुवै क्षेत्रमा बितेको वर्ष सबैभन्दा बढी मानिस परदेश गएका छन्। आखिरमा हाम्रो विदेशिने क्षमता कति छ ? यहाँ रोजगारको अवसर खुम्चिएकोले यस्तो भएको हो ?**

अहिले नेपालको अर्थतन्त्रलाई सुधारोन्मुख बताइएको छ। सुधारोन्मुख बताइँदा स्वदेश र विदेशको अंशको तुलना गर्ने हो भने विदेशकै अंश बढी रहेको बुझिन्छ। देशको अर्थतन्त्रमा सुधारको लक्षण देखिनुमा स्वदेशमा उत्पादन बढेर होइन, विदेशबाट आउने रकममा सुधार भएर हो।

कुरो के छ भने हामी लगातार विदेश गइरहेका छौं। सामान्यतया विदेश जाने दुई कारणले हो– रोजगार खोज्न र अध्ययन गर्न। गत आर्थिक वर्षमा नेपालबाट विदेश जानेको सङ्ख्या करीब दश लाख थियो। वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्षमा ६ लाख ३० हजार मानिसले श्रम स्वीकृति लिएका थिए र अहिलेसम्म ७,७१,३२८ जना श्रम स्वीकृति लिएर विदेश गएका छन्। यसरी एकै वर्षमा करीब पौने आठ लाख नेपाली कामको खोजीमा विदेशिनु चानचुने कुरा होइन। हुनत देशकै तथ्याङ्कले अहिलेसम्मको सबैभन्दा बढी सङ्ख्यामा नेपालीहरू श्रम स्वीकृति लिई विदेश गएको बताएको छ। यसै अवधिमा १,०९,८३६ जनाले अध्ययनको लागि अनुमति लिएका छन्। देशको तथ्याङ्कले यस सङ्ख्यालाई पनि अहिलेसम्मको सबैभन्दा उच्च मानेको छ। यसरी गत वर्ष वैदेशिक रोजगार र अध्ययन दुवैका लागि विदेशिने नेपालीको सङ्ख्या सबैभन्दा उच्च रहेको स्पष्ट भएको छ।

कुन कामको लागि नेपाली विदेशिएको छैन ? केही दिन पहिले यो पनि स्पष्ट भएको छ कि रकम दिएर आफूलाई शरणार्थी प्रमाणित गराई विदेश जान जालझेल भएको छ। यसको अर्थ यो पनि हो कि रोजगार र अध्ययनको लागि मात्र होइन, कतिपय नेपाली नागरिक यस्ता छन् जो सदाका लागि नेपालबाट पलायन हुन चाहन्छन्। यसको अर्को उदाहरण इडिभी पनि हो। हरेक वर्ष लाखौं नेपालीले इडिभी भर्ने गरेका छन्। इडिभी भर्ने बेला हुने भीडले तथा जब इडिभीको नतीजा आउँछ तब सामाजिक सञ्जालमा प्रकट हुने खुशीले मुख्यगरी अमेरिका जान चाहनेको सङ्ख्या अत्यधिक भएको स्पष्ट हुन आउँछ। शरणार्थी बनेर अमेरिका जाँदा वा इडिभी परेर अमेरिका जाँदा मानिस फर्केर आउँछ ? यी दुई माध्यमले अमेरिका जान चाहनेहरू त सम्भवतः अमेरिकाको स्थायी बासिन्दा हुन मात्र जान्छन्। अमेरिकामा स्थायी बासिन्दा हुन कति धेरै नेपालीले चाहेका हुन् ?

अध्ययन भिसा लिनेहरूको सङ्ख्यात्मक विवरण हेर्ने हो भने पनि एउटा कुरो के प्रस्ट हुन आउँछ भने सबैभन्दा बढी अस्ट्रेलिया र अमेरिकाकै छन्। अहिलेसम्म यो प्रवृत्ति देखिएको छ कि जो अमेरिका वा अस्ट्रेलिया अध्ययन भिसामा पढ्न जान्छन्, तिनीहरूमध्ये निकै कम नेपाल फर्कन्छन्। त्यहाँ पढ्न जान्छन्, पढ्दापढ्दै आफ्नो पढाइ अनुकूल रोजगारमा अल्झन्छन् र त्यहींका बासिन्दा बन्छन्। शायद यहाँबाट विदेश पढ्न जाँदा विद्यार्थीको मनमा पनि यही कुरो हुन्छ फर्केर आउँदिन। सम्भवतः सन्तानलाई विदेश पढ्न पठाउने अभिभावकककाे मन–मस्तिष्कमा पनि यही विचार हुन्छ कि राम्ररी पढोस् राम्रो कमाओस्। सम्भव भएसम्म त्यहीं बसोस् र निरन्तर रकम पठाइरहोस्। अझ कतिपय अभिभावकको चाहना त यो पनि हुन्छ कि छोरो वा छोरी पढ्न विदेश जाँदा रोजगार पाओस् र त्यहाँको स्थायी बासिन्दा बनेर आफूलाई पनि बोलाओस्।

अहिले हाम्रो सामाजिक अवस्था यस्तो छ कि जो विदेश जान्छ, उसको इज्जत बढ्छ। समाजमा काम गर्नेभन्दा विदेशमा काम गर्नेको बोलबाला छ। विदेश जान लागेको मानिसको सम्मान छ। विदेशबाट फर्केर आएको मानिसको सम्मान छ र फर्केर आउनासाथ फेरि एउटा प्रश्न हुन्छ –अब कहिले जाने ? विदेशमा के गरिरहेको वा कस्तो काम गरिरहेको भन्ने विषयमा खासै चासो छैन तर विदेशमा छ भन्ने कुराको खुशी अवश्य छ। वर्तमान अवस्थामा ज्येष्ठ नागरिकदेखि अत्यन्त सामान्य नागरिकमा समेत विदेश मोह देखिन्छ। विदेश जानेप्रति सम्मान देखिन्छ। विदेश गएका मानिसप्रति ठूलो सम्मान देखिन्छ। हुँदाहुँदा अहिलेका बालबालिकामा पनि यो प्रवृत्ति सरिसकेको छ। अहिलेका बालबालिकामा पनि विदेश गएर केही गर्न सकिन्छ भन्ने मानसिकता विकसित हुन थालेको छ। यो निकै गम्भीर विषय हो।

विदेश गएर काम गर्दा समाजमा मान पाउने र यहाँको भन्दा राम्रो आम्दानी गर्न पाउने मनोविज्ञान सामान्य भइसकेको छ। यसैले गर्दा मुख्यगरी ग्रामीण विद्यालयीय शिक्षामा निम्न तथा मध्यम वर्गको परिवारका छोराछोरीमा पढाइप्रति अभिरुचि जगाउन नसकिएको बुझाइ छ। पढे पनि यहाँ रोजगार पाउने सम्भावना नदेख्ने र नपढे पनि परदेश गएर राम्रो कमाइ गरेको घरपरिवार तथा टोलछिमेकमैं देख्नेहरू धेरै छन्। विद्यार्थीले सिक्ने भनेको घरपरिवार, टोलछिमेक र विद्यालयमा नै हो। यसरी समाज र परिवारमा सिकिरहेको रोजगारको तरीकाले उसको मनोविज्ञानमा प्रभाव पारिरहेको हुन्छ। अनि गुणस्तरीय शिक्षामा विद्यार्थीको भूमिका जति वा जसरी हुनुपर्ने हो, त्यो हुन नसकेको पनि यो एउटा यथार्थ हो।

जसरी पनि विदेश जाने सामाजिक मनोवृत्तिको विकास भइसकेको छ। विदेश गएर राम्रो कमाइ हुन्छ वा विदेश जान पाए उतै बसिन्छ भन्ने मनोविज्ञानको प्रभावले नै हुनुपर्छ जसरी पनि विदेश जान सोचिरहेका हुन्छन्। कहिलेकाहीं समाचार पढ्न पाइन्छ कि फलानो देशमा पठाइदिन्छु भनेर फलानोले यतिजनालाई ठगेर फरार भयो। यसैगरी फलानो ठाउँ जान लागेका यति मानिसको कागजपत्र शङ्कास्पद देखियो। जान नमिल्ने ठाउँमा पनि अवैध तरीकाले पुगिरहेका छन्। यसले के देखाउँछ भने नेपालीमा विदेश–मोह अत्यधिक बढेको छ।

नेपालीले नियम अनुसार नेपाली नागरिकताको प्रमाणपत्र पाउनु नैसर्गिक र कानूनी अधिकार हो। नेपाली नागरिकताको प्रमाणपत्र लिनेको भीड सधैं हुन्छ। साथै हरेक जिल्लामा राहदानी लिनेको भीड पनि उत्तिकै हुन्छ। सबैले बुझेकै छौं, नेपाली नागरिकताको प्रमाणपत्र लिनु त आधारभूत आवश्यकताजस्तै हो, तर राहदानी लिनुको उद्देश्य त विदेश जानु मात्र हो। विदेश घुम्नको लागि जाँदा पनि राहदानी चाहिन्छ भने कामको खोजीमा जाँदा पनि राहदानी चाहिन्छ। निम्न वर्गका ग्रामीण नागरिकका लागि विदेश भ्रमण उद्देश्य नभएर कामको खोजीमा जानका लागि राहदानी नागरिकतापछिको आधारभूत आवश्यकता बन्न पुगेको छ। उमेर पुगेपछि कम्तीमा एकपटक विदेश पुगिहालौं भन्ने मनोविज्ञान निम्न तथा मध्यम वर्गका ग्रामीण युवामा हुन थालेको छ। बरु विदेश पुगेर आएपछि बिहे गर्ने वा खेत किन्ने वा घर बनाउने, तर विदेश एकपटक नपुगी भएको छैन भन्ने मनोविज्ञान बन्न थालेको छ।

भारतमा काम गर्न जानेको तथ्याङ्क त हामीसित छँदै छैन। भारतलाई नेपालीले परदेश ठान्दैन। भारतमा पनि लाखौंको सङ्ख्यामा नेपालीहरू विभिन्न काममा गएको हुनुपर्छ। सबैजसो भारतीय ठूला शहरमा नेपालीहरू श्रमिकदेखि अन्य ठूला काममा लागेका छन्। उद्योगदेखि कृषिसम्म नेपालीहरू भारतमा काममा लागेका छन्। यसरी भारतमा रहेका नेपालीको सङ्ख्या निकै ठूलो छ।

हरेक वर्ष औपचारिक र अनौपचारिक किसिमले लाखौं नेपाली विदेश गइरहेका छन्। गत आर्थिक वर्षमा अध्ययन तथा कामको खोजीमा श्रम स्वीकृति लिनेहरूको सङ्ख्या निकै धेरै देखिएको छ। अहिलेसम्मको तथ्याङ्कमा अध्ययनको लागि र कामको लागि गरी दुवै क्षेत्रमा बितेको वर्ष सबैभन्दा बढी मानिस परदेश गएका छन्। आखिरमा हाम्रो विदेशिने क्षमता कति छ ? यहाँ रोजगारको अवसर खुम्चिएको हो ? अर्थतन्त्रले त देशमा आर्थिक सुधार भइरहेको सङ्केत गरिरहेको छ। विद्वान्हरूले जति धेरै मानिस परदेश गए पनि आखिरमा स्वदेशको विकास स्वदेशमैं बसेर हुने बताउने गरेका छन्। सम्भव भएसम्म यस देशलाई विकसित बनाउन यहाँ नै मानिस टिकाउने र रोजगार दिने वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता हो।

# साँघुरो र जीर्ण सडकले मकवानपुरमा दुर्घटनाको जोखिम बढ्दो

– मणिराज गौतम
मनहरि, ३ साउन/रासस

मकवानपुरमा दैनिकरूपमा सवारी दुर्घटना बढिरहेको छ। साँघुरो बाटो र जीर्ण सडकका कारण अधिकांश दुर्घटना हुने गरेको यातायात व्यवसायीको भनाइ छ।

जिल्ला ट्राफिक कार्यालय मकवानपुरका अनुसार गत आर्थिक वर्षमा मात्रै मकवानपुरका सडकखण्डमा ३६३ वटा सवारी दुर्घटना भएका छन्। गत वर्ष जिल्लामा सवारी दुर्घटनाबाट ६१ जनाले ज्यान गुमाएका छन्। १८७ मोटरसाइकल, जीप/कार ५१, ट्याक्टर ४८, यात्रीवाहक बस ३३, टेम्पो १६, टिपर, माइक्रो, साना सवारीसाधनलगायत २८ वटा गरी ३८७ सवारीसाधन दुर्घटनामा परेका जिल्ला ट्राफिक प्रमुख प्रहरी निरीक्षक वसन्त आचार्यले जानकारी दिए।

उनका अनुसार सवारीसाधन दुर्घटनामा परी २०५ जना गम्भीर घाइते भएका छन् भने ३६५ जना सामान्य घाइते भएका छन्। गत आवमा सवारी दुर्घटनामा परेर रु दुई करोड ५७ लाख ७६ हजार बराबर सवारीसाधनको क्षति भएको प्रमुख आचार्यले बताए।

दुर्घटना हुने सवारीको स्थिति हेर्दा तीव्रगतिमा १४१ सवारीसाधन, यान्त्रिक गडबढमा ५० सवारीसाधन, चालकको लापरवाहीबाट १४ सवारीसाधन, ओभरटेक गर्ने आठ सवारीसाधन र मापसेबाट १२ सवारीसाधन दुर्घटना भएको उनको भनाइ थियो।

जिल्ला ट्राफिक कार्यालय, मकवानपुरका अनुसार चालकको लापरवाही, ओभरटेक, तीव्रगति, मोबाइल फोन तथा सवारीको यान्त्रिक गडबढीले गर्दा दुर्घटना बढेको बताइएको छ।

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका र मनहरि गाउँपालिकासँग जोडिएको यस सडकखण्डमा मात्र गत आवमा ९० वटा सवारी दुर्घटनामा १८ जनाले ज्यान गुमाएका थिए भने २९० जना घाइते भएका छन्।

पूर्व–पश्चिम राजमार्गको हेटौंडा खण्ड साँघुरो र जीर्ण सडकले दुर्घटनाको जोखिम बढेको छ। राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका र मनहरि गाउँपालिका पर्छन्। सडकखण्डको करीब २५ किलोमिटर क्षेत्र हेटौंडामा पर्छ भने १५ किलोमिटर मनहरि गाउँपालिकाभित्र पर्छ। दक्षिणतर्फबाट बाराको अमलेखगंज हुँदै हेटौंडा–१५ चुरियामाईबाट यो सडक मकवानपुर प्रवेश गर्छ भने पश्चिमतर्फबाट लोथर पुलसम्म पुगेर सीमा समाप्त हुन्छ। लोथर पुल कटेर पूर्व–पश्चिम राजमार्ग सडक चितवन प्रवेश गर्छ। मकवानपुरतर्फ भने सडक साँघुरो अवस्थामा रहेको र हालसम्म विस्तार हुन सकेको छैन।

दैनिक हजारौं सवारीसाधन र बढ्दो जनसङ्ख्याको चापका कारण हेटौंडा बजार अव्यवस्थित बनेको स्थानीय बताउँछन्। करीब दश वर्षदेखि मालवाहक सवारी चलाउँदै आएका हेटौंडा–६ का कमल काफ्लेले साँघुरो सडकका कारण सवारी दुर्घटना बढेको बताए। निर्बाधरूपमा चल्ने भारतीय सवारीसाधनका कारण पनि जोखिम बढिरहेको उनको भनाइ थियो।

राजमार्गमा जथाभावीरूपमा चलेका साना सवारी अटोरिक्शा तथा मयुरीका कारण सवारी चाप बढ्दा दुर्घटनाको जोखिम बढ्दो अवस्थामा रहेको काफ्लेले बताए। ओभरटेक, तीव्रगतिलगायत दुर्घटनाका प्रमुख कारण रहेको उनको भनाइ थियो।

पूर्वतर्फ भारतीय नाकाबाट आयात हुने सामग्री क्षमताभन्दा बढी लोड गरी सवारीसाधनमा ढुवानी गर्दा सडक जीर्ण बन्दै गएको हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले बताए। यस सडक भएर सञ्चालन हुने अधिकांश सवारीसाधनले उच्च भार बोक्ने गर्नाले पनि सडकको एकतर्फी भाग दबिएर गएको उनले जानकारी दिए।

हेटौंडा–१५ रातोमाटेदेखि बजार क्षेत्र एचआइडी, थानाभन्ज्याङ, बस्तीपुर क्षेत्रमा अव्यवस्थितरूपमा ठूला सवारी जथाभावीरूपमा पार्किङ गर्ने गरिएकाले पनि दुर्घटनाको जोखिम बढेको बानियाँले बताए। "मुख्यगरी सडक नै साँघुरो भएकाले उपमहानगरले दायाँबायाँ २५–२५ मिटर विस्तार तयारी गरिएको छ," उनले भने।

सडकखण्डमा अधिकांश दुर्घटना मुख्य बजार क्षेत्रभन्दा बाहिर हुने गरेको प्रहरीले जनाएको छ। यस खण्ड अन्तर्गत पर्ने हेटौंडा बजार क्षेत्रमा गत आवमा सवारी दुर्घटनामा परी एकजनाले ज्यान गुमाएका थिए भने ३९ जना घाइते भएको प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ। सो अवधिमा हेटौंडा बजार क्षेत्रमा २८ वटा सवारी दुर्घटना भएका थिए।

यस्तै, धरान–चतरा सडकखण्ड अन्तर्गत ५२ वटा सवारी दुर्घटना भएकामा १५ जनाले ज्यान गुमाएका छन् भने १०५ जना घाइते भएका थिए। यस सडकखण्ड अन्तर्गत हेटौंडा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# बूढीगण्डकी आयोजना अघि बढाउन द्विविधा छैन –प्रम प्रचण्ड

गोरखा, ३ साउन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लामो समयसम्म अघि बढ्न नसकेको बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण प्रक्रिया अघि बढ्नेमा अब कुनै द्विविधा बाँकी नरहेको बताएका छन्। उनले उक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाइने बताए।



तस्वीरः रासस

राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजनाको 'फिल्ड अफिस' को उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले यसको निर्माण कार्यलाई उच्च प्राथमिकता दिन सम्बद्ध सबैलाई निर्देशनसमेत दिए। प्रधानमन्त्री प्रचण्डले आज गोरखाको सिउरेनीटारमा उक्त आयोजनाको फिल्ड अफिस उद्घाटन गरेका हुन्।

"बूढीगण्डकी जलविद्युत् आयोजना अगाडि बढ्छ, हरहालतमा अगाडि बढाइन्छ। यस आयोजनाका निम्ति कम्पनी खडा गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भई काम अगाडि बढाउने तयारी भइरहेको छ। जग्गा अधिग्रहणको मूल हिस्सा सम्पन्न भएको छ," प्रधानमन्त्री प्रचण्डले भने, "सरकारको नीति तथा कार्यक्रममा पनि यसलाई उच्च प्राथमिकतामा राखिएको छ।"

आयोजना निर्माणका लागि सबै अध्ययन प्रतिवेदनहरू तयार गर्ने कार्य सम्पन्न भइसकेका छन्। बूढीगण्डकी परियोजना निर्माणका लागि चाहिने लगानी व्यवस्थापनका लागि सरकारले आवश्यक गृहकार्य गरी तयारी गरिरहेको प्रधानमन्त्री प्रचण्डले बताए।

"यो 'रेडी टू गो' आयोजना हो। आयोजनालाई जतिसक्दो छिटो अगाडि बढाउन हामीले तयारी गरिरहेका छौं। अब कुनै पनि तर्क वा बहानामा काम ढिलाइ गर्न हामीलाई छुट छैन," उनले भने, "आयोजना निर्माणको काम अगाडि बढाउन ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडलगायत आयोजनासँग सम्बद्ध सबैलाई यसै कार्यक्रममार्फत निर्देशितसमेत गर्छु।"

मुलुकमा ऊर्जा क्षेत्रको विकासका लागि यस आयोजना कोसेढुङ्गा साबित हुने प्रधानमन्त्री प्रचण्डको भनाइ छ। एक हजार दुई सय मेगावाट उत्पादन क्षमता रहेको उक्त जलविद्युत् आयोजना गोरखा र धादिङ जिल्लाको मात्र नभएर सिङ्गो देशको विकास र समृद्धिमा गुणात्मक योगदान गर्ने राष्ट्रिय गौरवको बहुआयामिक आयोजना रहेको उनले उल्लेख गरे।

"हालसम्म नेपालभित्र निर्माण भएका आयोजनामध्ये यो सबैभन्दा धेरै क्षमताको विद्युत् उत्पादन गर्ने आयोजना हो। जलविद्युत्का साथै पर्यटनको विकास, माछापालन, तल्लो तटीय क्षेत्रको समग्र विकासका दृष्टिले समेत यो आयोजना महत्त्वपूर्ण छ," उनले भने।

यस आयोजनाले हिउँदमा हुने विद्युत् सङ्कटबाट देशलाई मुक्त गर्ने, ऊर्जा तथा पर्यटन विकासलाई सुदृढ गर्ने, रोजगार सिर्जना गर्ने, वस्तु तथा सेवा क्षेत्र उत्पादनमा वृद्धि गरी देशको आर्थिक गतिविधि बढाउने, माछापालनलगायतका बहुआयामिक व्यवसाय जोडेर राष्ट्रिय आय वृद्धि गर्ने तथा देशको मध्यभागको आयोजना भएकोले राष्ट्रिय प्रसारण लाइनका लागि कम लगानी लाग्नेलगायतका सम्भावना बोकेको प्रधानमन्त्री दाहालको भनाइ छ।

बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि सरकारले बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिसकेको छ। काठमाडौंस्थित कम्पनीको प्रधान कार्यालय गत असार ३१ गते ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले उद्घाटन गरेका थिए।

सरकारले विसं २०७९ असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो। नेपालको ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण मानिएको उक्त आयोजना निर्माणका लागि सरकारले रु ६० अर्ब अधिकृत पूँजी रहने गरी कम्पनी स्थापना गरेको थियो।

# सय रुपियाँको सामानमा कडाइ भएन

प्रस, परवानीपुर, ३ साउन/

देशको प्रमुख नाका र सबैभन्दा बढी राजस्व सङ्कलन हुने वीरगंज भन्सार नाकामा रु सय रुपियाँको सामानमा कडाइ गरिएको छैन।


वीरगंज भन्सार नाका भएर जाँदै पोकेतस्कर। तस्वीरः प्रतीक

साउन १ गतेदेखि कडाइ गर्ने भनिए पनि वीरगंज भन्सार नाकामा कडाइ गरिएको छैन। पश्चिम नेपालको सुनौली भन्सार नाका र पूर्वको विराटनगर नाकामा कडाइ गरिए पनि वीरगंज भन्सार नाकामा कडाइ नगरिएको सुरक्षा अधिकारीहरूले बताएका छन्।

चालू आव २०८०/८१ को लागि साउन १ गतेदेखि भारतबाट रु सय रुपियाँको सामान लिएर आउँदा पनि भन्सार महसूल तिर्नुपर्ने नीति बजेट भाषणमार्फत निर्देशित गरिएको थियो। त्यसै अनुसार भन्सार नाकामा भन्सार विभागले कार्यान्वयनको लागि निर्देशन जारी गरेको थियो। तर वीरगंज भन्सारमा उक्त निर्देशन लागू हुन सकेको छैन।



जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल शाहले हालसम्म आधिकारिक पत्र नआएकोले कडाइ नगरिएको र यसबारे बुझेर प्रतिक्रिया दिने बताए। सशस्त्र प्रहरी बल भन्सार गुल्म वीरगंजका सशस्त्र प्रहरी उपरीक्षक रामजङ्ग पाण्डेले सीमावर्ती भारतीय बजार रक्सौलबाट सामान लिएर आउने सबैजनाको चेकजाँचमा कडाइ गरिए तापनि रु सयभन्दा बढीको सामानमा राजस्व असुल्ने भनी आधिकारिक निर्णय हुन बाँकी रहेको बताए।

उनले सुनौली तथा विराटनगर नाकामा कडाइ गरिएको थाहा पाएको तर वीरगंज भन्सारमा सरोकारवालाको निर्णय नभएकोले नियम लागू नगरिएको बताए। वीरगंज भन्सारका प्रशासक डिलाराम पन्थीसँग बुझ्दा भन्सार विभागको निर्देशन अनुसार कडाइ गरिएको दाबी गरे। तर कतिजनाको सामान चेकजाँचबाट कति राजस्व उठ्यो यकीन साथ भन्ने अवस्था नरहेको बताए। आगामी दिनमा सीमा नाका व्यवस्थित गर्दै लैजाने योजना रहेको उनले जानकारी दिए।

# सर्लाहीबाट सोहजन आन्दोलन शुरू

नितेश कर्ण, वीरगंज, ३ साउन/

सर्लाहीको चन्द्रनगर गाउँपालिकामा किसानहरूको आर्थिक वृद्धिका लागि पहिलोपटक सोहजन आन्दोलन शुरू भएको छ।



तस्वीरः प्रतीक

चन्द्रनगर गापाले सोहजनखेतीको अवधारणा ल्याइ किसानहरूको आम्दानी बढाउन सोहजन आन्दोलन शुरू गरेको हो। सोहजन पोषण, स्वास्थ्य, सौन्दर्य, वातावरण तथा समृद्धिका लागि बहुउपयोगी बिरुवा हो। सोहजनलाई अङ्ग्रेजीमा मोरिङ्गा ओलियफेरा भनिन्छ। सोहजनखेतीबाट चन्द्रनगरका किसानहरूले आर्थिक लाभ लिएर चन्द्रनगरलाई समृद्ध बनाउने र यो खेती आन्दोलनको रूप लिई तराई–मधेसका जिल्लामा विस्तार गरी मधेसको अर्थतन्त्र रूपान्तरण गर्ने चन्द्रनगर गापा अध्यक्ष राजकुमार महतोले बताए।

चन्द्रनगरमा सोहजनखेती गरेर सोहजन उद्योग तथा अनुसन्धान केन्द्र खोलिने अध्यक्ष महतोले बताए। उनले चन्द्रनगरमा सोहजनको पातको चूर्ण, फेसवास, साबुन तथा विभिन्न औषधि उत्पादन तथा प्रशोधन गरी उद्योगमार्फत राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारीकरण गरिने

(बाँकी पाँचौं पातामा)

# संवाद फाउन्डेशन सर्लाही जिल्ला समिति गठन

नितेश कर्ण, वीरगंज, ३ साउन/

संवाद फाउन्डेशन सर्लाही जिल्ला समिति गठन भएको छ। फाउन्डेशनका अध्यक्ष कुमार भाष्करको अध्यक्षतामा बसेको बैठकले पङ्कजकुमार महराको संयोजकत्वमा सर्लाही कार्यसमिति विस्तार गरेको हो।



तस्वीरः प्रतीक

समितिका सहसंयोजकद्वय सुनील यादव र शिवशङ्कर साह, सचिव जयप्रकाश यादव र सदस्यहरूमा विवेक चौधरी, सरोज यादव, रितेश यादव, मुकेश साह, रूपेश यादव, उमेश राउत, राहुल यादव, राजु सहनी, कपिल ठाकुर, विक्रम यादव, विपुल कुशवाहा, समीर महतो, विभा मण्डल, काजल साह, सुवेखा महतो, राजेश मुखिया रहेका छन्।

फाउन्डेशनका अध्यक्ष भाष्करले आफ्नो व्यक्तिगत जीवनसँगै फाउन्डेशनको माध्यमबाट सामाजिक कार्यमा पनि योगदान दिन आग्रह गरे। उनले सक्रिय युवाहरूको समूहले आफ्नो सीप र क्षमता प्रदर्शन गरी समाज रूपान्तरणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

# अब भ्रूण बायोप्सी सेवा नेपालमा

काठमाडौं, ३ साउन/रासस

नेपालमा पहिलोपटक टेस्ट ट्युबबाट जन्मिने बच्चाको भ्रूण बायोप्सी शुरू गर्ने तयारी गरिएको छ। निस्सन्तान परिवारका लागि सञ्चालनमा आएको स्लाभिका आइभिएफ (टेस्ट ट्युब बेबी) केन्द्रले निकट भविष्यमा नै भ्रूण बायोप्सी सेवा नेपाली चिकित्सकबाट नै उपलब्ध गराउने भएको हो।

केन्द्रका सञ्चालक डा नीलम ठाकुरले यसअघि भारतबाट भ्रूण बायोप्सीका लागि जनशक्ति झिकाउने गरेको भएपनि अब केन्द्रमैं उक्त सेवासहितको सुविधा प्रदान गरिने जानकारी दिइन्।

उनले चाँडै भ्रूण बायोप्सी सेवा शुरू गर्ने जानकारी दिइन्। भ्रूण बायोप्सीबाट टेस्ट ट्युबबाट जन्मिने बच्चामा भ्रूण बायोप्सीले वाङ्सानुगत रोग छ कि छैन, बच्चा पेटमा बस्ने क्षमता बढाउने, स्वस्थ बच्चा छ/छैन भन्ने कुरा पत्ता लगाइन्छ। सोही आधारमा आइभिएफ प्रविधिबाट निस्सन्तान परिवारले बच्चा जन्माउँछन्।

"आइभिएफबाट बच्चा जन्माउँदा भ्रूण बायोप्सी गर्नका लागि भारतबाट जनशक्ति मगाउँदा परिवारलाई रु दुईदेखि तीन लाख बढी खर्च हुने गर्दथ्यो," उनले भनिन्, "हामीसँग दक्ष जनशक्ति भएपछि अब निस्सन्तान परिवारको उक्त रकम जोगिन्छ।"

केन्द्रमा इम्ब्रोयोलोजिस्ट डा अजयजङ्ग कुँवर र डा सम्झना रहेका छन्। आइभिएफ प्रविधिबाट भ्रूण आमाको पेटमा राख्नुभन्दा अगाडि भ्रूणमा अनुवाङ्शिक रोग छ वा छैन भन्ने कुरा पनि प्रि–इम्प्लान्टेसन जेनेटिक स्क्रिनिङ विधिबाट पत्ता लाग्ने अनुवाङ्शिक रोग विशेषज्ञ डा ठाकुरले बताइन्।


सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका–४ को रैथाने पोखरीमा निर्मित सतीप्रथा झल्कने मूर्ति। मूर्ति पाँचपोखरी घर भई हाल अमेरिका बस्ने राम श्रेष्ठको सहयोगमा निर्माण गरिएको हो। तस्वीरः रासस


क्लासिक होटल तोडफोड गर्दै महानगरको डोजर। तस्वीरः प्रतीक

# दाइजोसम्बन्धी कानून पालना खोइ ?

विचार



-रोशनकुमार झा

**दाइजो नियन्त्रणका लागि कानून र राज्य मात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकारजगत् र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एकअर्कामा सामञ्जस्यता र सहकार्य गरेर अगाडि बढ्नुपर्छ।**

आजको २१औं शताब्दीको युगमा पनि नेपाली महिला दाइजो, बोक्सी, छाउपडी, बालविवाह, बहुपति, बहुपत्नीलगायतका कुप्रथा तथा कुसंस्कारजन्य गम्भीर प्रकृतिका हिंसा सहन बाध्य छन्। कतिपय महिला घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, कार्यस्थलमा हुने, आर्थिक तथा सांस्कृतिक हिंसाको शिकार भई नैसर्गिक मानव अधिकारसमेतबाट वञ्चित छन्।

विश्वव्यापी समस्याको रूपमा व्याप्त लैङ्गिक हिंसालाई स्थान तथा परिवेशले फरक पार्छ। धार्मिक, सांस्कृतिक, सामाजिक परिवेश, शिक्षा र चेतनास्तरको, आर्थिक सशक्तीकरण र विश्वव्यापीकरणको प्रभावले गर्दा यसको स्वरूप र स्तरमा भिन्नता देखिन्छ।

महिलाविरुद्ध हुने विभिन्न लैङ्गिक हिंसामध्ये दाइजो प्रथा पनि एक प्रमुख घरेलु हिंसाका रूपमा लिइएको छ। नेपाल डेमोग्राफिक हेल्थ सर्भेका अनुसार ३५ प्रतिशत महिला कुनै न कुनै हिंसाको शिकार भएका छन्। घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा र दाइजो धेरै नपाएका कारणबाट हुने हिंसालगायतका विभिन्न स्वरूपका लैङ्गिक हिंसाहरूबाट धेरै महिला पीडित छन्। २०६२/६३ को जनआन्दोलन भएलगत्तै मधेसबाट उठेको मधेस विद्रोहले देशलाई सङ्घीय शासन प्रणालीमा डोऱ्यायो। आज पनि मधेस प्रदेशमा दाइजो प्रथासँगै महिला हिंसाको घटनामा कमी आएको छैन। बढ्दो दाइजो प्रथाका कारण महिला हिंसाका घटनाहरू दिनदिनै बढिरहेका छन्।

अहिले बदलिंदो समयसँग दाइजो लिने स्वरूप पनि बदलिएको छ। दाइजो प्रथाले संस्कृतिको रूप लिन थालेपछि यसको मारमा न्यून आय भएका र आर्थिक अवस्था जर्जर भएका अभिभावक तथा तिनका सन्तति पर्ने गरेका छन्। बालिकाहरूको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको सन्दर्भमा मधेस प्रदेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानले सार्थकता पाउन नसकेको तथ्य मधेस प्रदेशको महिला हिंसाको तथ्याङ्क र मागेजति दहेज नदिएको निहुँमा बुहारीहरू जलेका घटनाले प्रस्ट पार्छ। कन्या पक्षले विवाहको बेला वर पक्षलाई दिइने सम्पत्ति, नगद, गरगहना र उपहार आदिलाई दाइजो, दहेज र तिलक पनि भन्ने गरिन्छ। कुनै जात र समुदायमा छोरीको विवाहमा केटा पक्षलाई दिइने नगद, गरगहनालगायतका चलअचल सम्पत्ति दहेज वा दाइजो हो भने विवाहपूर्व केटी पक्षले केटा पक्षसँगको भेटमा दिइने नगद, लुगा, गरगहना आदि तिलक हो।

प्राचीनकालमा आफ्नो छोरी कसैको साथ सुम्पेपछि छोरी र ज्वाइँलाई नगद, वस्तु, आभूषण र छोरीलाई अर्काको घरमा बस्नलाई सहज होस् भन्ने पवित्र तर्कका आधारमा शुरू भएको दाइजो प्रथाले आज विकराल होडबाजीको स्वरूप ग्रहण गरिसकेको छ। यस्तो अवस्थामा दाइजो लिनुदिनु अपराध मात्र नभएर पारिवारिक विग्रह र विखण्डन, शारीरिक तथा मानसिक यातना, बालविवाह, बहुविवाह, अनमेल र जबरजस्ती विवाह, स्त्री भ्रूण हत्या, हत्या, आत्महत्या तथा यौनजन्य हिंसा, महिलाको शिक्षा, स्वास्थ्य तथा आत्मबलमा कमी आउनुको मुख्य कारक तत्त्व पनि हो।

**दाइजोको प्रचलन कसरी भयो ?**

पूर्वमध्यकालमा तिरहुतका राजा राजा हरिसिंह देवको शासनकालमा विद्वान्बीच शास्त्रार्थ हुन्थ्यो। यसमा विजयी विद्वान्लाई पुरस्कृत गरिन्थ्यो। सन् १३२४ मा राजा हरिसिंह देवले अविवाहित मैथिल ब्राह्मण युवकबीच शास्त्रार्थ गराएका थिए। लामो समयसम्म तर्क–वितर्क चलिरहयो र त्यसमा वेद, वेदान्त, योग र न्यायजस्ता विषय उठेका थिए। राजा हरिसिंह देवले ब्राह्मण युवकको विद्वता देखेर प्रभावित भए र अनौठो तरीकाले ती युवकलाई पुरस्कृत गरेका थिए। यद्यपि शास्त्रार्थमा भाग लिने युवक अविवाहित भएकाले पुरस्कारस्वरूप उनीहरूलाई एक/एक सुन्दर बेहुली विवाह गर्ने मौका प्रदान गरेका थिए। त्यसपछि यसको आयोजना प्रत्येक वर्ष हुन थाल्यो। पहिले मैथिल ब्राह्मण युवकको सभा हुने गर्थ्यो। यसमा उनीहरूबीच शास्त्रार्थ हुन्थ्यो र बेहुली पक्ष आफ्नी छोरीका लागि योग्य बेहुलाको खोजी गर्न त्यहाँ भेला हुन्थे। यसले मैथिली समाजमा बसालिदिएको शिक्षाका आधारमा वर चुन्ने परम्परा पछि विकृत बन्यो।

छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेनरूपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ। मधेसी समाजमा छोरीलाई 'पराया धन' भन्ने प्रचलन अहिले पनि पाइन्छ। यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ। 'छोरी दिन्छु, तर दाइजो दिन्नँ' भन्ने अभिभावक विरलै भेटिन्छन्। 'दाइजो होइन, गुणी बुहारी चाहिन्छ' भन्ने अभिभावक पनि दुर्लभ छन्।

**कानूनमा के छ ?**

पहिला–पहिला छोरीलाई पैतृक सम्पत्तिमा कानूनी अधिकार नभएको कारण छोरीको विवाहपछि पतिको घर पठाउँदा छोरीका आमाबुबाले आफ्नो आर्थिक हैसियत अनुसार स्वेच्छाले दाइजोस्वरूप चल सम्पत्ति दानस्वरूप दिने गर्थे। तर अहिले मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्तिमा पति, पत्नी, बुवा, आमा, छोरा, छोरीलाई समान अंशियार मानेको छ। नेपालको संविधानको धारा ३८ (१)ले प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ भन्ने कुराको प्रत्याभूति गरिएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७४ ले आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने भनेको छ। दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुनेसमेत भनेको छ। यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने तथा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने मुलुकी अपराध संहिताले व्यवस्था गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ। तर कानूनको प्रभावकारी कार्यान्वयन नहुनु हाम्रोजस्तो लिखित संविधान भएको मुलुकको लागि विडम्बनाको विषय हो। विधायिकाले कुनै कानून बनाउँछ भने कार्यपालिकाले त्यसलाई अक्षरशः लागू गर्नुपर्छ। सर्वोच्च अदालतबाट पनि विभिन्न समयमा विभिन्न मुद्दाहरूमा निर्णय भएको छ।

विवाह सम्पन्न गर्ने शिक्षित वरवधूले पनि कुपरम्पराबाट ग्रसित आमाबुबालगायत अभिभावकको कारण खर्चिलो तिलक र दाइजोका साथै भड्किलोरूपमा विवाह सम्पन्न गर्ने गरेको देखिन्छ। तसर्थ यसको नियन्त्रणहेतु दाइजोसम्बन्धी विशेष ऐनको खाँचो देखिन्छ। कानून लागू गर्न नसक्नु भनेको सार्वभौम राष्ट्रको कानून बनाउने काममा सार्वभौम संसद्को आदेश पालना नगर्नु हो। तसर्थ विशेष कानून बनाएर बाध्यात्मक र अनिवार्यरूपमा कार्यान्वयन गर्नुपर्छ।

दाइजोविरुद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरण, सरोकारवाला पक्षहरूबीच समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन हुनु आवश्यक छ। दाइजो नियन्त्रणका लागि कानून र राज्य मात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकारजगत् र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एकअर्कामा सामञ्जस्यता र सहकार्य गरेर अगाडि बढ्नुपर्छ। मधेस प्रदेशका जिल्लाहरूमा विकराल समस्याको रूपमा रहेको दाइजो प्रथा हटाउन स्थानीय तहका जनप्रतिनिधिहरू विशेषरूपमा अग्रसर हुनुपर्दछ। (लेखक त्रिभुवन विश्वविद्यालय कानून सङ्कायमा विद्यावारिधि तहका शोधार्थी हुन्।) (रासस)



**ड्रागन फ्रुटः** सुर्खेतको गुर्भाकोट नगरपालिका–१४, गुमीमा रहेको कर्णाली ड्रागन फ्रुट फर्ममा लटरम्म फलेका ड्रागन फ्रुट। तस्वीरः रासस

# नेप्सेमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, ३ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ। नेप्से परिसूचक ११ दशमलव १७ अङ्कले बढेर दुई हजार १६५ दशमलव २४ अङ्कमा कायम भएको हो।




आज २६० कम्पनीका ८६ लाख ७४ हजार १०९ कित्ता शेयर ५१ हजार ४४५ पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब ३४ करोड ८६ लाख ७९ हजार नौ सय बराबरको कारोबार भएको छ।

आज बैंकिङ समूह २९ दशमलव ६६, विकास बैंक समूह ४९ दशमलव १५, उत्पादन तथा प्रशोधन समूह ६६ दशमलव २२, म्युचुअल फन्ड शून्य दशमलव ०४ र व्यापार समूह १२८ दशमलव ७८ अङ्कले बढेका छन्। बाँकी अरू समूहको उपसूचक भने घटेका छन्।

सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४८ दशमलव ७६ अङ्कले घटेको छ। त्यस्तै, वित्त १८ दशमलव ६४, होटल तथा पर्यटन ३७ दशमलव ६५, जलविद्युत् १९ दशमलव ६८, लगानी शून्य दशमलव २६, जीवन बीमा समूह ४८ दशमलव ७६, लघुवित्त २० दशमलव ८३, निर्जीवन बीमा एक दशमलव ८९ र अन्य समूह १५ दशमलव ११ अङ्कले घटेका छन्।

आज बिपिडब्ल्यू लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने एनआइबिएल समृद्धि फन्ड–२ को शेयर मूल्य नौ दशमलव ६४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लिमिटेडको रु २३ करोड ५७ लाख ४५ हजार ४५७ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको चार लाख ५३ हजार ९०७ कित्ता शेयर किनबेच भएका छन्।

## फरक समाचार

# कारमा प्रयोग हुने शब्दकोष

आजभोलि अत्याधुनिक कार बजारमा बिक्री हुने गर्छ। धेरैजसोलाई कारको बेसिक फिचर्सको जानकारी हुँदैन। कार खरीद गर्नेलाई कारको बेसिक फिर्चसबारे जानकारी हुनुपर्छ। कारमा एबिएस, एफडब्लुडी, एआरडी, आरडब्लुडी, एएमटी,



एएमटी, इएसपी, एडिएएस आदि हुने गर्छ। तर यसको अर्थ के हो ?

**एबिएसः** एन्टि–लक ब्रेकिङ सिस्टमः एन्टि–लक ब्रेकिङ सिस्टमले टायरलाई लक हुनबाट जोगाएर आपतकालीन अवस्थामा कार चलाउने चालकलाई मदत गर्छ। यसले पाङ्ग्रालाई लक हुनबाट बचाउनुको साथै चालकलाई सुरक्षित ड्राइभिङ गर्न मदत गर्छ।

**एडब्लुडीः** अल व्हील ड्राइभः यो यस्तो सिस्टम हो जसमा कारको इन्जिनले चारवटै पाङ्ग्रालाई चलाउन शक्ति पठाउँछ। एडब्लुडीले कारलाई चिप्लिने बाटो, बरफले ढाकिएको सडकमा फ्रन्ट व्हील ड्राइभ वा रियर व्हील ड्राइभ भएको भेहिकलको तुलनामा राम्ररी ड्राइभिङमा मदत गर्नको लागि कारको सबै पाङ्ग्रालाई शक्ति दिन्छ।

**एफडब्लुडीः** फ्रन्ट व्हील ड्राइभः यो सबैभन्दा सामान्य ड्राइभ ट्रेनसरह फ्रन्ट व्हील ड्राइभ थुप्रै भेहिकलमा हेर्न पाइन्छ। यसले सीधै अगाडिको पाङ्ग्रालाई ऊर्जा दिन्छ र आफ्नो बढी वजन अगाडिको पाङ्ग्रामा राख्छ, जसबाट चालकले चिप्लिने सडकमा पकड बनाइराख्न मदत गर्छ।

**आरडब्लुडीः** रियर व्हील ड्राइभः यसले इन्जिनको पावरलाई पछाडिको पाङ्ग्रासम्म पुऱ्याउँछ जसबाट कार अगाडितर्फ बढ्छ।

**एएमटीः** अटोमेटिक मैनुअल ट्रान्समिशनः कारमा अटोमेटेड मैनुअल ट्रान्समिशन वा एएमटी एउटा ट्रान्समिशन टाइप हो जुन क्लच र गियरलाई मैनुअली शिफ्ट गर्ने झन्झटबाट टाढा राख्छ।

**एमटीः** मैनुअल ट्रान्समिशनः यो एक प्रकारको ट्रान्समिशन हो जसको लागि चालकलाई मैनुअली गियर परिवर्तन गर्नुपर्ने आवश्यकता रहँदैन। यो ट्रान्समिशन निकै चर्चित छ किनभने यो बढी फ्युल एफिशिएन्ट हुन्छ र यसलाई अटोमेटिक ट्रान्समिशनको तुलनामा कम मेन्टेनेन्सको आवश्यकता रहन्छ।

**इएसपीः** इलेक्ट्रोनिक स्टेबिलिटी प्रोग्रामः यो कम्प्युटराइज्ड सेफ्टी टेक्नोलोजी हो जुन बढीजसो मोर्डन कारमा मौजुद हुन्छ। ट्रैक्शनको नोक्सानलाई पत्ता लगाएर र त्यसलाई कम गरेर कारको स्टेबिलिटीलाई राम्रो बनाउन यसलाई डिजाइन गरिएको हुन्छ, जसबाट टायर कन्ट्रोलमा रहन्छ र चिप्लिँदैन।

**एडिएएसः** एडभान्स ड्राइभर असिस्टेन्ट सिस्टमः यो इलेक्ट्रोनिक टेक्नोलोजीको एउटा समूह हो जुन चालकलाई ड्राइभिङ र पार्किङको दौरान मदत गर्छ। एउटा सेफ ह्युमन मेशिन इन्टरफेसको माध्यमबाट एडिएएस कार र सडकको सुरक्षालाई बढाउँछ।

# किन इतिहास भयो सोडियम ल्याम्प

बाल्यकालमा हामीले स्ट्रीट लाइटको रूपमा सोडियम ल्याम्प देखेका थियौं। यस सोडियम ल्याम्पको मुन्तिर थुप्रै लामखुट्टे मरेको हुन्थ्यो। तर अहिले एलइडीको



जमाना छ र प्रायः सबै स्ट्रीट ल्याम्पमा एलइडी नै प्रयोग गरिएको छ।

सोडियम भेपर ल्याम्प एक प्रकारको डिस्चार्ज ल्याम्प हो, जुन सोडियम र इनर्ट ग्याँसेज, जस्तै–निओन, आर्गन आदि ग्याँस उपयोग गरेर सुन्तला रङको प्रकाश उत्पन्न गर्छ। यस बत्तीमा दुई प्रकारको ट्युब हुन्छ, जसलाई इनर ट्युब र आउटर ट्युब भनिन्छ। इनर ट्युब एक विशेष प्रकारको काँच (बोरो–सिलिकेट)बाट बनाइएको हुन्छ, जसले प्रकाश उत्पन्न हुँदा उत्पन्न हुने ऊष्मालाई सीसाले सहन गर्न सकोस्। सीसा ट्युबभित्र दुई इलेक्ट्रोड फिक्स रहन्छ। इनर ट्युब सामान्य यु आकारको बनाइएको हुन्छ किनभने जब इलेक्ट्रोडको मध्य आर्क उत्पन्न हुन्छ र त्यस आर्कको लम्बाइ बढाउन सकियोस्। आर्कको लम्बाइ बढेपछि यस ल्याम्पबाट उत्पन्न हुने प्रकाशको मात्रा बढ्छ।

विशेषताः सोडियम ल्याम्प शुरूमा बिस्तारै बल्छ तर जब १५–२० मिनेट हुन्छ, तब यसले एउटा ठूलो क्षेत्रलाई प्रकाशित गर्न सक्छ। सोडियम ल्याम्पबाट निस्किने गर्मीको कारण लामखुट्टेहरू मर्छन्।

सोडियम ल्याम्प निकै महँगो पर्छ भने यसबाट बिजुलीको पनि खपत निकै बढी हुन्छ। एलइडी लाइट निकै सस्तो हुन्छ र यसले बिजुलीको पनि खपत निकै कम गर्छ। त्यस कारण आज सोडियम ल्याम्प इतिहास बन्न पुग्यो भने त्यसको स्थान एलइडी लाइटले लिएको छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा भारतको जोड

न्यूयोर्क, ३ साउन/एएनआई

भारतले युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा जोड दिएको छ। जारी युक्रेन द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै भारतले वार्ता कूटनीतिमा जोड दिएको हो।


भारतका प्रधानमन्त्री नरेन्द्र मोदी। तस्वीरः एजेन्सी

संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले संयुक्त राष्ट्रसङ्घको वार्षिक साधारणसभामा भएको युक्रेन बहसमा जारी द्वन्द्वप्रति भारतको गहिरो चासो व्यक्त गर्दै शत्रुताको तत्काल अन्त्य गर्नका साथै वार्ता र कूटनीतिमा फर्कन आग्रह गरिन्। उनले यो युद्धको युग नभई वार्ता र कूटनीतिको भएकाले त्यसकै माध्यमबाट सङ्कटको निकास खोजिनुपर्नेमा उनले जोड दिइन्।

द्वन्द्वका कारण विशेषगरी महिला, बालबालिका र वृद्धवृद्धाहरूको ज्यान गएका, दुवै देशका जनता पीडामा परेका उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधिले युक्रेनको अवस्थालाई लिएर भारत चिन्तित भएको बताइन्। उनले लाखौं घरवारविहीन भएका, तीमध्ये अधिकांश छिमेकी देशहरूमा शरण लिन बाध्य भएका, नागरिक पूर्वाधारमा भएका आक्रमणले परिस्थितिलाई अझ जटिल एवं चिन्ताजनक बनाएको बताइन्। उनले रूस–युक्रेन द्वन्द्वका कारण उत्पन्न हालैका घटनाक्रमप्रति भारत चिन्तित भएको बताउँदै शान्ति र स्थायित्वका निम्ति दुवै पक्षलाई वार्तामा बस्न आग्रह गरिन्।

"हामीले शत्रुताको तत्काल अन्त्य, वार्ता र कूटनीतिको मार्गमा तत्काल फर्कनका निम्ति सबै प्रयास गर्न आग्रह गरेका छौं।

हामी सबैले सदस्यता लिने विश्वव्यापी व्यवस्था अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्रसङ्घको बडापत्र र क्षेत्रीय अखण्डताको सम्मानमा आधारित भएकाले सबै राज्यको सार्वभौमसत्ताको सम्मान हुनुपर्नेमा भारत दृढ छ," रूस र युक्रेनबीच पुनः मैत्री कायम गर्दै उक्त क्षेत्रमा शान्ति कायम गर्न वार्ताको विकल्प नभएको भारतीय अवधारण प्रस्तुत गर्दै स्थायी प्रतिनिधिले भनिन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन र रूसका शीर्ष नेतालाई 'यो युद्धको युग होइन' भन्ने कुरामा जोड दिएको दोहोर्‍याउँदै स्थायी प्रतिनिधिले कम्बोजले मानवजीवनको मूल्यमा कुनै पनि हालतमा समाधान हुन नसक्ने विषयमा निरन्तर आवाज उठाएको तथा बढ्दो हिंसाले कसैको हित नहुने भएकाले मतभेद र विवाद समाधानको एकमात्र उपाय कूटनीति र वार्ता नै भएको बताइन्। शान्ति स्थापनाका निम्ति कूटनीतिका सबै माध्यम खुला राख्न आवश्यक भएको उनले बताइन्। रासस

## पर्खाल भत्किंदा आठजना मजदूरको मृत्यु

इस्लामाबाद, ३ साउन/सिन्हवा

अविरल वर्षाका कारण पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको रावलपिन्डी शहरमा बुधवार बिहान निर्माणाधीन भूमिगत मार्गको पर्खाल भत्किंदा कम्तीमा आठजना मजदूरको मृत्यु हुनुको साथै चारजना बेपत्ता भएका छन्।

उद्धार सेवाका अधिकारीहरूका अनुसार रावलपिन्डीको गोलराह मोर क्षेत्रमा निर्माणाधीन भूमिगत मार्गको पर्खालमुनि सुतेका मजदूरमध्ये आठ जनाको शव भेटिएको र हराएका अन्य चारजनाको खोजी भइरहेको छ।

दुर्घटनाको जानकारीपाउने बित्तिकै उद्धारकर्मी घटनास्थलमा पुगेर भग्नावशेषबाट आठजनाको शव निकालेका थिए। मजदूरका शव परीक्षणका निम्ति स्थानीय अस्पतालमा लगिएको उद्धार सेवाका एक अधिकारीले बताएका छन्। रासस

## सिपेक सफल एवं परिवर्तनकारी परियोजना बनेको छ

इस्लामाबाद, ३ साउन/सिन्हवा

चीन–पाकिस्तान आर्थिक कोरिडोर (सिपेक) आफ्नो देशको लागि सबैभन्दा सफल र परिवर्तनकारी परियोजना साबित भएको उल्लेख गर्दै एकजना उच्च पाकिस्तानी अधिकारीले त्यसबाट क्षेत्रीय सम्पर्क विस्तारका साथै आर्थिक समृद्धिको नयाँ युगको सुरुआत भएको बताएका छन्।

इस्लामाबाद नीति अनुसन्धान संस्थानद्वारा 'चीन–पाकिस्तान आर्थिक कोरिडोरः क्षेत्रीय सम्पर्क सञ्जालका लागि प्रवेशद्वार' विषयमा आयोजित कार्यशालामा पाकिस्तानका योजना विकासमन्त्री एहसान इकबालले सिपेकका कारण देशमा परिवर्तनकारी प्रभाव परेको बताए। उनले परियोजना शुरू भएको तीन वर्षमा पाकिस्तानमा सर्वाधिक प्रत्यक्ष विदेशी लगानी चीनबाट प्राप्त भएको बताए।

अर्बौं डलरको परियोजना कार्यान्वयन गरेर चीन पाकिस्तानको प्रमुख आर्थिक साझेदार बनेको मन्त्री इकबालले बताए। सिपेक पाकिस्तानको कायापलट गर्ने परियोजनाका रूपमा व्याख्या गर्दै उनले परियोजनाबाट ऊर्जा अभाव हटाउन तथा सडक र रेल पूर्वाधार स्थापनामा मदत पुगेको बताए।

विशेषगरी दक्षिणपश्चिम ग्वादर जिल्लामा सामाजिक–आर्थिक विकासलाई बढावा दिन विशेष आर्थिक क्षेत्र (सेज) र सामाजिक कल्याण परियोजनाहरू पनि कार्यान्वयन भएको जानकारी दिँदै मन्त्री एकबालले व्यापार वृद्धि गर्न सेजको भूमिका महत्त्वपूर्ण हुने बताए। चीनले सिपेक परियोजना अन्तर्गत आर्थिक क्षेत्रको सफल कार्यान्वयनमा मदत गर्न तथा प्राविधिक ज्ञान एवं विशेषज्ञता प्रदान गर्दै पाकिस्तानको निर्यात बढाउन सघाएको उनले उल्लेख गरे।

"पाकिस्तानले आफ्नो निर्यात बढाउन र सेजको सफल कार्यान्वयनमा चिनियाँ सहयोग चाहेको छ"–योजना विकासमन्त्रीले भने। उनले सिपेकको दोस्रो चरणमा दुवै देशका व्यापार–व्यवसायबीच सहयोगमा जोड दिंदै सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्ने स्पष्ट पारे। उनले सिपेक अन्तर्गत अब औद्योगिक सहयोगतर्फ अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

पाकिस्तानको दिगो आर्थिक वृद्धिका लागि निर्यातमूलक वस्तु र निर्यातमुखी नीति अपरिहार्य भएको बताउँदै त्यस निम्ति मौजुदा उत्पादन पर्याप्त नहुने भएकोले विभिन्न वस्तुहरूको अतिरिक्त उत्पादन बढाउनुपर्न आवश्यकतामा जोड दिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — सुसमाचार | वृष — उदरपीडा |
| मिथुन — विजय | कर्कट — धनलाभ |
| सिंह — भाग्योदय | कन्या — बेचैनी |
| तुला — मनोरञ्जन | वृश्चिक — कर्मप्राप्ति |
| धनु — प्रगति | मकर — वादविवाद |
| कुम्भ — यात्रालाभ | मीन — कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## सम्पत्ति शुद्धीकरणसम्बन्धी नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन पारित

काठमाडौं, ३ साउन/रासस

क्यानडाको भ्यानकुभरमा यसै साता आयोजित एशिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी)को वार्षिक प्लेनरी बैठकले नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन (म्युचुअल इभ्यालुएशन रिपोर्ट) पारित गरेको छ। उक्त बैठकले यसै वर्ष मूल्याङ्कन सम्पन्न भएका नेपालसहित ब्रुनाई र लाओसको प्रतिवेदन पनि पारित गरेको हो।



गत मङ्सिर तेस्रो साता एपिजी टोली नेपालको अनुगमन गर्न आएको थियो। सोही अनुगमनका आधारमा तयार पारिएको मूल्याङ्कन प्रतिवेदन पारित भएको हो। प्लेनरी बैठकले पारित गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनको फलोअप प्रतिवेदन एपिजीमा पेश गर्नुपर्ने हुन्छ।

यसरी पारित भएको पारस्परिक मूल्याङ्कन प्रतिवेदन फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)मार्फत ग्लोबल नेटवर्कमा सञ्चार हुने र विभिन्न सुझाव आउनेछन्। सुझावसहितको प्रतिवेदन आगामी अक्टोबरमा सार्वजनिक हुनेछ भने प्रतिवेदनले औंल्याएका विषयहरू कार्यान्वयनमा लैजाने कार्ययोजनासहितको प्रतिबद्धता सरकारले एफटिएफसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यस अवधिमा मुलुक प्रत्यक्ष निगरानीमा रहनुअघि एफएटिएफले नेपाललाई अब्जरभेशन अवधि प्रदान गर्नेछ। जुन अवधिमा सुझाइएका कार्य कार्यान्वयन हुने अपेक्षा राखिएको छ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालले आगामी अक्टोबरमा एपिजीको पूर्ण प्रतिवेदन आएपछि एक वर्षको निगरानी अवधि रहने र सो अवधिमा नेपालले गरेका प्रगतिका आधारमा थप निर्णय गरिने बताए। नेपालले यसरी पाउने निगरानी समयमा विभिन्न नीतिगत सुधारका काम गर्नुपर्नेछ। त्यसपछि मात्रै 'ग्रे लिस्ट'मा रहने नरहनेबारे टुङ्गो लाग्नेछ।

एपिजीको वार्षिक साधारणसभासहितको बैठकमा भाग लिन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी नेतृत्वको टोली क्यानडा गएको थियो। एपिजीले नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन पारित गरेको तथा बैठकमा नेपालले राखेका विषयबारे नेपाल राष्ट्र बैंकले आज जारी गरेको प्रेस नोट अनुसार सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलाका केही विषयमा सुधार गरेको छ।

"उक्त बैठकमा नेपालको पारस्परिक मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा विस्तृत छलफल हुँदा मूल्याङ्कनकर्ताले यसअघि मूल्याङ्कन गरेको रेटिङमा एउटा सुझाव स्तरोन्नति भई उक्त प्रतिवेदनमा उल्लिखित अवस्थामा केही सुधार भएको थियो," नेपाल राष्ट्र बैंकले भनेको छ, "बैठकमा नेपालको यससम्बन्धी कानून निर्माण र संशोधनसम्बन्धी विषयले उच्च प्राथमिकता पाएको थियो।"

प्लेनरी बैठकमा बैठकमा एपिजीका सदस्य राष्ट्रहरू र पर्यवेक्षकका रूपमा फाइनान्सियल एक्शन टास्कफोर्स (एफएटिएफ), विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, युएन अफिस अफ ड्रग्स एन्ड क्राइम (युएनओडिसी) लगायत संस्थाको सहभागिता थियो।

**डेढ दर्जन कानून संशोधन हुँदै**

'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' गत माघमा संसद्मा दर्ता भएको थियो। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत विभिन्न २० वटा कानून संशोधन गर्न लागिएको छ।

उक्त विधेयकमार्फत निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानीजहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्परिक कानूनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ। मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा पनि विधेयकमार्फत संशोधनको प्रस्ताव गरिएको छ।

### सर्लाही...

बताए। अध्यक्ष महतोले चन्द्रनगरबाट सोहजनखेतीको आन्दोलन गरी तराई मधेसका २२ जिल्लामा सोहजनखेती गर्न आन्दोलन गरिने बताए।

सोहजनखेतीका विज्ञ देवनारायण मण्डलले सोहजन आम्दानीको हिसाबले किसानको लागि उत्तम भएको बताए। उनले एक कट्ठामा ४४ वटा बिरुवा आठ/आठ फिटको दूरीमा रोप्दा सोहजनखेतीबाट राम्रो आम्दानी लिन सकिने बताए।

## कास्कीको मिर्सा केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, ३ साउन/रासस

कास्की जिल्लाको मिर्सा केन्द्रबिन्दु भएर भूकम्प गएको छ। राष्ट्रिय भूकम्पमापन तथा अनुसन्धान केन्द्र, लैनचौरका अनुसार बुधवार बिहान ९ बजेर ५३ मिनेट जाँदा कास्कीको मिर्सा आसपास केन्द्रबिन्दु भएर चार रेक्टर स्केलको भूकम्प गएको हो।

यसअघि गत असार २८ गते हुम्ला जिल्लाको कालिका आसपास केन्द्रबिन्दु भएर ४.६ रेक्टर स्केलको भूकम्प गएको थियो।

### साँघुरो ...

उपमहानगरपालिका, बकैया गाउँपालिका र बाग्मती गाउँपालिका पर्छन्।

त्यस्तै, कान्तिराजपथ राजमार्ग अन्तर्गत गत आर्थिक वर्षमा नौवटा सवारी दुर्घटना भएकामा एकजनाको ज्यान गएको र १९ जना घाइते भएका तथ्याङ्क छ। यस सडकखण्ड अन्तर्गत भीमफेदी, मकवानपुरगढी, बकैया गाउँपालिका पर्छन्।

भीमफेदी–पालुङ सडकखण्ड पनि जोखिम क्षेत्र अन्तर्गत पर्ने देखिएको छ। यस क्षेत्रमा गत आवमा १९ वटा सवारी दुर्घटना भएका छन्। जसमा तीनजनाले ज्यान गुमाएका थिए भने ४९ जना घाइते भएका तथ्याङ्क छ।

भैंसे–सिस्नेरी सडकखण्ड अन्तर्गत गत आवमा १७ वटा सवारी दुर्घटनामा नौजनाको ज्यान गएको छ भने ६६ जना घाइते भएका थिए।

भैंसे–फाखेल सडक अन्तर्गत गत आवमा नौवटा सवारी दुर्घटनामा तीनजनाले ज्यान गुमाएका थिए भने ३५ जना घाइते भएका थिए। योसँगै बाहिरी सडकखण्ड विभिन्न गाउँपालिकामा १७ वटा सवारी दुर्घटनामा सातजनाले ज्यान गुमाए भने २४ जना घाइते भएका थिए।

### दुबईमा ...

दूतावासका केही अधिकारीसँग चिनजान भएपछि एउटा सिट खाली थियो। सोही सिटमा उनलाई पूर्ण छात्रवृत्तिमा मेकानिकल इन्जिनीयरिङ पढ्न पाकिस्तानको कराँची पठाइयो। एनइडी युनिभर्सिटी, कराँचीबाट सन् १९९९ मा मेकानिकल इन्जिनीयरिङ उत्तीर्ण गरेर उनी नेपाल फर्किए। गोल्छा अर्गनाइजेशनको नितनपुरमा रहेको हुलास प्लाइवुडमा मासिक चार हजारमा १० महीना काम गरेर उनले राजीनामा दिए।

पैसा कमाउने धोको उनको पनि थियो। अब त विदेश जानुपर्छ भन्ने मनसायका साथ काठमाडौंको म्यानपावरहरू चहार्न थाले। डेढ वर्षको अवधिमा कति जोर चप्पल खिइयो तर जागीर पाएनन्। सन् २००१ को अगस्तमा उनले साउदीमा एउटा कम्पनीमा जागीर पाए र नेपालबाट साउदी अरब उडे। त्यति बेला उनको साउदीको रु १५ सय तलब थियो। जुन नेपालमा ३५ देखि ४० हजार हुन्थ्यो। त्यसपछि उनलाई विश्वास हुन थाल्यो, अब म ठीक बाटोमा छु। पहिले हुलासमा गरिरहेको काम छोड्दा पागल भन्नेहरूले प्रशंसा गर्न थाले।

सन् २००४ मा उनी कतार गए, छ महीना त्यहाँ काम गरे। त्यसपछि दुबईमा सिमेन्स कम्पनीमा आबद्ध भए। हालसम्म त्यही इलेक्ट्रोनिक मेकानिकल कम्पनीमा सिनियर इन्जिनीयर एवं विज्ञको रूपमा कार्यरत छन्। हाल उनको पारिश्रमिक मासिक ३५ देखि ४० हजार दिराम रहेको छ। उनले गाउँमा १४ बिघा खेत, १० कट्ठा घडेरी, वीरगंज, लिङ्करोड, बसपार्कमा मायालु होटलको भवन, मुर्लीमा चार तले घर, नेशनल मेडिकल कलेजनजीक ३३ धुर घडेरी, सिक्स लेनमा सवा कट्ठा जग्गा, जगरनाथपुरनजीक सवा चार कट्ठा जग्गा, नितनपुरमा साढे पाँच कट्ठा जग्गामा कारखाना भाडामा लिएको, जीतपुरमा साढे आठ कट्ठा, काठमाडौंमा साढे पाँच आना र तीन करोडको घर गरी थुप्रै सम्पत्ति आर्जन गरेको बताए।

उनले जीवनमा जबसम्म जोखिम र केही पाउनको लागि केही गुमाउने दृढ इच्छाशक्तिसहित विश्वास भएन भने केही गर्न नसकिने बताउँदै सपना हेरिन्छ, पूरा गर्नकै लागि भन्दै विश्वासका साथ युवालाई अगाडि बढ्न सुझाव दिए।

### ड्राइपोर्ट ...

तीन अर्ब २६ करोड ९२ लाख ३४ हजार राजस्व सङ्कलन भएको छ।

यसैगरी, जेठ महीनामा छ अर्ब २३ करोड ८५ लाख ६६ हजार लक्ष्य पाएकोमा ६८.९६ प्रतिशत अर्थात् चार अर्ब ३० करोड २२ लाख चार हजार राजस्व सङ्कलन भएको थियो भने गत असारमा पाँच अर्ब ९० करोड ९१ लाख २१ हजार लक्ष्य पाएकोमा ४९.८० प्रतिशत अर्थात् दुई अर्ब ९४ करोड २८ लाख १९ हजार राजस्व सङ्कलन भएको श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख कर अधिकृत रामप्रसाद मैनालीले बताए।

आर्थिक मन्दीका कारण आयात सङ्कुचित भएपछि राजस्व सङ्कलन प्रभावित भएको भन्सार अधिकारीहरूको विश्लेषण छ।

# शिक्षक महासङ्घ पटेर्वासुगौलीको अध्यक्षमा राजेश्वर प्रसाद

प्रमोद यादव, पंचगावाँ, ३ साउन/

नेपाल शिक्षक महासङ्घ पटेर्वासुगौली गाउँपालिकाको अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट राजेश्वर प्रसादको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ ।

कार्यसमितिको सहअध्यक्ष राजकुमार साह, महिला उपाध्यक्ष नीरमाया आले, उपाध्यक्ष मनोहर गौरो, सचिव सुभाषप्रसाददास थारू, सहसचिव प्रमोदकुमार यादव, सहसचिव (अर्थ) दिपनप्रसाद, सहसचिवान (संस्थागत) देवेन्द्रप्रसाद साह, रामरूपप्रसाद यादव र चन्दन साह चयन भएका छन् ।

यसैगरी, सदस्यहरूमा सुरेन्द्र यादव, रामलखन राय, रमेशकुमार आले, प्रमिला कुमारी, दुखाप्रसाद ओझैया, आनन्द राय र रामप्रसाद दास रहेका छन् ।


तस्वीरः प्रतीक

नवनिर्वाचित पदाधिकारी र सदस्यहरूको पदस्थापना तथा शपथग्रहण गरिएको नेपाल शिक्षक सङ्घका जिल्ला सचिव हरिराजप्रसाद यादवले जानकारी दिए । शिक्षक महासङ्घका पूर्वअध्यक्ष अध्यक्ष मोहनदास थारूको अध्यक्षता तथा गापा अध्यक्ष दिनेशप्रसाद चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडाध्यक्षहरू फरमान मियाँ, माधव राउत र वासु पञ्जियार, नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, सचिव विनोद गिरी, नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष प्रदीप जैसवाललगायतको सहभागिता थियो ।

# गर्मीका कारण छजना विद्यार्थी बेहोश

नितेश कर्ण, वीरगंज, ३ साउन/

नेपाल राष्ट्रिय मावि नगवामा छजना विद्यार्थी गर्मीको कारण बेहोश भएका छन् । बुधवार बिहानको कक्षामा अत्यधिक गर्मीको कारण पाँचजना छात्रा र एकजना छात्र बेहोश भएको शिक्षक शिवशङ्कर महतोले बताए ।

कक्षा ३, ४, ६ र ९ मा अध्ययनरत छजना विद्यार्थी गर्मीको कारण बेहोश भएका र उनीहरूको प्राथमिक उपचारपछि घर फर्काइएको शिक्षक महतोले बताए । पानी नपर्दा अहिले गर्मी बढ्दो छ ।


बेहोश भएका छात्राको प्राथमिक उपचार गरिँदै । तस्वीरः प्रतीक

# भारत लैजाँदै गरेको मदिरा बरामद

सुग्रीव साह, भिस्वा, ३ साउन/

छिपहरमाई गाउँपालिकाको भिस्वा नाकाबाट अवैधरूपमा भारततर्फ लग्दै गरेको मदिरा प्रहरीले बरामद गरेको छ। कस्तुरी ९० थान बरामद भएको प्रहरी सहायक निरीक्षक रुद्र भट्टले बताए।

मङ्गलवार राति १० बजे भिस्वा नाकाबाट भारततर्फ लैजाने क्रममा मदिरा बरामद भएको हो ।

यो नाकाबाट पछिल्लो समयमा घरेलु मदिरा र नेपाली ब्रान्डका मदिरा भारत चोरी बाटोबाट लैजाने क्रम बढेको छ । बिहारमा मदिरा प्रतिबन्धित भएकोले यो नाकाबाट सीमावर्ती क्षेत्र सिकटा भएर व्यापकरूपमा मदिरा तस्करीको बाटो पुऱ्याउने गरिन्छ ।


बरामद मदिरा नष्ट गर्दै प्रहरी । तस्वीरः प्रतीक

# खेलकूदको संसार

## मन्त्री लिम्बूद्वारा खेलाडी भण्डारीलाई बधाई

काठमाडौं, ३ साउन/रासस


सावित्रा भण्डारी

युवा तथा खेलकूदमन्त्री डिगबहादुर लिम्बूले प्रतिष्ठित युरोपेली फूटबल क्लबबाट व्यावसायिकरूपमा खेल्ने अवसर प्राप्त गरेकी नेपाली महिला राष्ट्रिय फूटबल टोलीका खेलाडी सावित्रा भण्डारीलाई बधाईसहित बिदाइ गरेका छन् ।

मन्त्रालयमा बुधवार आयोजित कार्यक्रममा उनले फूटबल खेलप्रतिको लगन र मेहनतले इजरायलको हापोइल रनाना फूटबल क्लबमा आबद्ध हुने मौका प्राप्त गरेकी खेलाडी भण्डारीलाई शुभकामनासहित बधाई दिएका हुन् ।

उनको प्रशंसा गर्दै मन्त्री लिम्बूले प्राप्त मौकाको सदुपयोग गरी नेपाली फूटबलको स्तर वृद्धिका साथै आफ्नो खेल कौशलमा अझ निखार ल्याउन सफल हुने अपेक्षा गरे । लम्जुङ सिमपानी निवासी खेलाडी भण्डारीले नेपालको राष्ट्रिय फूटबल टोलीमा संलग्न रही विभिन्न प्रतियोगितामा कौशल प्रदर्शन गरेर राष्ट्रको सान बढाउन पुऱ्याएको योगदानको मन्त्रालयले उच्च प्रशंसा गरेको छ ।

युरोपेली क्लबमा आबद्ध हुने पहिलो महिला खेलाडी उनी आगामी अगस्तको पहिलो साता त्यसतर्फ प्रस्थान गर्नेछिन् ।

यसअघि खेलाडी भण्डारीले सेथु एएफसी र गोकुलम केरला भारतमा व्यावसायिकरूपमा लिग खेल खेलेकी थिइन् । नेपाली फूटबल खेलको दुनियाँमा उनको छवि फरवार्ड खेलाडीका रूपमा चर्चित छ ।

## नेपालले युएइलाई हरायो

काठमाडौं, ३ साउन/रासस

एसिसी इमर्जिङ टिम्स एशिया कप क्रिकेट प्रतियोगितामा नेपालले संयुक्त अरब इमिरेट्स (युएई)को 'ए' टोलीलाई तीन विकेटले पराजित गर्दै विजयी भएको छ।



तस्वीरः सौजन्य

श्रीलङ्काको कोलोम्बोस्थित पि सारा ओभल क्रिकेट मैदानमा बुधवार भएको खेलमा युएईले दिएको १६८ रनको लक्ष्यलाई नेपालले २३ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ७१ रनको योगदान दिए। उनले ४३ बलमा नौ चौका र चार छक्काको मदतमा ७१ रनको योगदान दिएका हुन् ।

त्यसैगरी, देव खनाल र सन्दीप जोराले समान २४/२४ रनको योगदान दिए। गुलसन झाले ११ रन जोडे। कप्तान रोहित पौडेलले नौ रन जोडे भने प्रतीश जिसीले अविजित आठ रन बनाए। कुशल मल्ल दुई रनमा अविजित रहे ।

बलिङतर्फ युएईका मोहम्मद फाराजुद्दीन एक्लैले पाँच विकेट लिए भने मुहम्मद जवादुल्लाहले दुई विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले ४४ ओभरमा सबै विकेट गुमाउँदै १५७ रनको योगफल बनाएको थियो। युएईका लागि लभप्रीत सिंहले ८२ बलमा छ चौका र एक छक्काको मदतमा ५२ रनको योगदान दिए ।

त्यस्तै, इथान डी सोजाले १८ रन बनाउँदा अस्वस्था भलथापाले १६ तथा आर्यान्स शर्माले १४ रन बनाए । बलिङतर्फ नेपालका लागि कुशल भुर्तेल एक्लैले छ विकेट लिए भने श्याम ढकालले दुई विकेट झारे । कुशल मल्ल र पवन सर्राफले समान एक/एक विकेट लिए । यस खेलसँगै नेपाल र युएईको 'ए' टोली प्रतियोगिताबाट बाहिरिएको छ ।

नेपाल पहिलो खेलमा पाकिस्तान 'ए'सँग चार विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा भारत 'ए'सँग नौ विकेटले पराजित भएको थियो ।

# विपी स्मृति दिवसमा नेकाले १५ हजार वृक्षारोपण गर्ने निर्णय

प्रस, वीरगंज, ३ साउन/

विश्वेश्वरप्रसाद कोइरालाको ४१औं स्मृति दिवसको अवसरमा नेपाली काङ्ग्रेस, पर्साले १५ हजार बिरुवा रोप्ने निर्णय गरेको छ ।

साउन ६ गते शनिवार पर्सा जिल्लाका १४ वटा पालिकाका ११२ वटा वडामा १५ हजार बिरुवा रोप्ने निर्णय भएको उपसभापति रामनारायण कुर्मीले बताए । बुधवार पार्टी कार्यालयमा आयोजित भेलामा उपसभापति कुर्मीले साउन ७ गतेदेखि हरेक वडामा सङ्गठन सुदृढीकरण अभियान सञ्चालन गरिने, अगुवा कार्यकर्ता भेला गर्ने, वडा कार्यसमितिको कार्यालय स्थापना गर्ने निर्णय भएको बताए ।


तस्वीरः प्रतीक

त्यसैगरी, नगर/गाउँ पालिका सम्मेलन, प्रदेशसभा निर्वाचन क्षेत्र भेला, प्रतिनिधिसभा निर्वाचन क्षेत्र भेला र साउन मसान्तभित्र जिल्ला सम्मेलन गरिने उपसभापति कुर्मीले जानकारी गराए ।

वृक्षारोपण कार्यक्रमका लागि जिल्ला कार्यसमितिले हरेक वडामा प्रतिनिधि खटाएको नेका, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले बताए ।

भेलामा उपसभापति अशोक गुप्ता, सचिवद्वय दिनेश चौधरी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, सहसचिव नवीन सिंह, कोषाध्यक्ष प्रेमबहादुर थापा, सदस्य श्यामकुमार पोखरेल, ध्रुव नेपाल, प्रकाशकुमार उपाध्याय, श्याम पटेललगायतको सहभागिता थियो ।

## भन्सार छलीको कपडा बरामद

प्रस, वीरगंज, ३ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीको छ लाख ९७ हजार मूल्य बराबरको कपडा बरामद गरी वीरगंज भन्सार बुझाएको छ । जिप्रका, पर्सा मातहत रहेको वडा प्रहरी कार्यालय, श्रीपुर र प्रहरी चौकी, गण्डकले भन्सार छलीको कपडा बरामद गरेका थिए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भर्ना खुल्यो! भर्ना खुल्यो भर्ना!! खुल्यो!!!

तीन वर्षे डिप्लोमा HA र रेडियोग्राफी कोर्षमा CTEVT बाट मान्यताप्राप्त डिभाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ, वीरगंजमा भर्ना खुल्यो ।

हाम्रा विशेषताहरूः

१) दक्ष एवं अनुभवी प्रशिक्षकद्वारा अध्यापन गराइने,
२) Practical लाई विशेष प्राथमिकता दिइने,
३) स्वच्छ तथा मनोरम शैक्षिक वातावरणमा अध्यापन हुने,
४) Digital Media द्वारा पठनपाठन गराइने,
५) सुविधासम्पन्न LAB को व्यवस्था भएको ।

स्वीकृत सिट सङ्ख्याः

1) Health Assistant - 40    2) Radiography - 30

फाराम वितरण मितिः २०८०/४/२ गतेदेखि
फाराम भर्ने अन्तिम मितिः २०८०/४/१२ गते ५ बजेसम्म
प्रवेश परीक्षा मितिः २०८०/४/२४ गते बिहान ८ बजे

सम्पर्कः डिभाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ
वीरगंज-१५, शिरोमणिनगर, फोनः ०५१-४१७६२८, ९८५५०३५८५९, ९८२८३००७६३